"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
## जामुनबारी, झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्या: ०८०/०८१ ( कृषि विकास शाखा ) मिति: २०८०।०६।०५

च. नं :

## अत्यन्त जरुरि सूचना

अनियमित मौसम, अन्त्यन्तै गर्मि, झरी, बादल आदिको कारणले धानबारीमा फड्के र गवारो किराको अत्यन्त प्रकोप बढेको देखिएकोछ, यहि अवस्थामा कृषकको धान उत्पादनमा उल्लेख्य मात्रमा कमि आउने देखिएको हुदा तत्काल सबै कृषकले थाहा पाउने गरि तपशिलको धान उपचार बिधि बिभिन्न सामाजिक संजालबाट सम्प्रेषण गरिदिनु हुन सबैमा अनुरोध गरिएकोछ I
धेरै जसो धानहरु टुप्पो रातो हुने, केहि अगुवा धानहरुमा भुस समेत देखिन थालेको अवस्था छ धानको पात र टुप्पो रातो भएको स्थानमा परम्परागत राते रोग लागेको भन्ने ठानेर कृषक झुक्किने गरेको देखिएको तर त्यस्तो बालीमा गवारो किरा देखिएको हुदा सबै कृषक सचेत हुनु हुन र जहाँ उपलब्ध हुन्छ त्यस स्थानबाट तुरुन्त बिषादी खरिद गरि पानि नपरेको बेलामा तोकिएको बिषादी प्रयोग गर्नुहुन अनुरोध गरिएकोछ I

**इमिडाक्लोरोप्रिड ७०% WG २ ग्रामको १ पोका र ५ एम एल स्टिकर १६ लिटर पानीमा हालेर स्प्रे गर्ने**

**स्प्रे गर्दा राम्रो संग पात भिज्ने गरि साथै धानको फेद सम्म पुग्ने गरि स्प्रे गर्नु पर्छ I**

**१ बिघामा न्युनतम १५ टंकी बिषादी स्प्रे गर्नुपर्छ I**

२/३ पोका बिषादी एकै टंकीमा हालेर ४/५ टंकीले १ बिघा पुर्याएर हाल्ने हाम्रो अभ्यास हटाउनु पर्छ साथै यस प्रकारले बिषादी हाल्नु हुदैन I

सके सम्म Bayar CropScience Limited को एडमायर भन्ने बिषादी प्रयोग गर्नुहुन सुझाव दिइएकोछ I

थप सल्लासुझापको लागि कनकाई नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्नअनुरोध गरिएकोछ I

सम्पर्क नं : ९८१४९९१५५९ , ९८१५०१९५९५ , ९८४२०७६२४८

यदु कुमार उप्रेती
कृषि शाखा प्रमुख